# तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड २) तिलोत्तमा, पौष महिना १६ गते २०७५ साल (अतिरिक्ताङ्क ३१**

**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०७५ सालको कार्यविधि नं. २२

## कार्यविधिको नाम : तिलोत्तमा नगरपालकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन २०७५)

- तिलोत्तमा नगरपालकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ मा लागत सहभागिता सम्बन्धी प्रावधानलाई नीतिगत रुपमा लिपिवद्ध गर्नको लागि कार्यविधिको दफा ७ पछि देहाय अनुसार दफा ७ (क) थप गरी उक्त कार्यविधि संसोधन गर्ने निर्णय गरियो ।

**७ (क) लागत सहभागिता सम्बन्धी व्यवस्था**

१. उपभोक्ता समितिवाट सञ्चालन हुने सडक कालोपत्रे कार्यको लागि योजनाको लागत सहभागिता देहाय वमोजिम हुनेछ ।

| वडा नं. | उपभोक्ताको योगदान कम्तिमा (प्रतिशतमा) | नगरपालिकाको योगदान बढीमा (प्रतिशतमा) |
|---|---|---|
| १ देखि ९ | ५० | ५० |

| | | |
|---|---|---|
| १० देखि १६ | ४० | ६० |
| १७ | ३० | ७० |

२. उपभोक्ता समिति मार्फत संचालन हुने उपदफा १ वमोजिमको सडक कालोपत्रे वाहेकका अन्य सम्पूर्ण योजनाहरुमा उपभोक्ताहरुको योगदान कम्तिमा १५ प्रतिशत कायम गर्नुपर्नेछ ।

३. सरकारी जग्गा, भवन, विद्यालय, मठ, मन्दिर लगायत विपन्न वर्गसँग सम्वन्धित योजनाहरुमा नगरपालिकाले तोकेवमोजिम लागत सहभागिता जुट्न नसक्ने भएमा सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली २०६४ को प्रावधान बमोजिम नगरपालिकाले अन्य खरिद प्रकृयाबाट कार्य अगाडि बढाउनेछ ।

४. विद्युत् पोल, ट्रान्सफर्मर लगायतका खरिद सम्वन्धी कार्यहरु खरिदको लागि बोलपत्र आव्हान गर्दा जडान खर्च समेतको लागत खर्चको अनुमान गरी सोही अनुसार सुचना आव्हान गर्ने र आपूर्तिकर्ताबाटै कार्यसम्पन्न गर्ने व्यवस्था मिलाउन पर्ने छ ।

५. वडागत शिलिङ अनुसार विद्युत पोल, ह्युम पाईप आदि शिर्षकमा वजेट विनियोजन भएको अवस्थामा तोकिएवमोजिम लागत सहभागिता जुटाउन उपभोक्ताहरु तयार भएमा उक्त कार्य उपभोक्ता समिति मार्फत सम्पादन गराउन सकिनेछ ।

**आज्ञाले**
**(कृष्णप्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरण मितिः २०७५/९/१५**